# स्थानीय राजपत्र

रामेछाप नगरपालिकाद्वारा प्रकाशित

वर्ष २) रामेछाप, जेठ ३ गते, २०७५ साल (अतिरिक्ताङ्क २

# भाग १

## रामेछाप नगरपालिका नगरसभाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम रामेछाप नगरपालिकाको नगरसभाले मिति २०७५।१।२१ मा जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## रामेछाप नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

### सम्वत् २०७५ सालको ऐन नं. १

**प्रस्तावना** : नेपालको संविधानको अनसूचि ८ र ९ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानिय तहलाई तोकीएको अधिकार क्षेत्र भित्रका विषयमा आबश्यक कानून वनाई प्रशासकीय कार्यविधि नियमीत गर्न वाञ्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) वमोजिम रामेछाप नगरपालिकाको नगरसभाले यो ऐनब नाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "रामेछाप नगरपालिका प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन २०७५" रहेको छ ।

(२) यो ऐन रामेछाप नगरपालिका क्षेत्रभित्र स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) "ऐन" भन्नाले रामेछाप नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन २०७५ लाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले रामेछाप नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "नगरपालिका" भन्नाले रामेछाप नगरपालिकालाई सम्झनु पर्दछ ।

घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्दछ ।

ङ) "संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ ।

३. **नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम रामेछाप नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधी नियमित गर्नका निमित्त रामेछाप नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधी र मापदण्डः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही रामेछाप नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधी र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

***नगरसभावाट स्विकृत : २०७५/१/२१ गते***

**आज्ञाले,**
**इश्वर राज दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**